| दफा नं. | भौ.नं मिति र बेरुजुको व्यहोरा | बेरजु रकम | प्रतिक्रिया |
|---|---|---|---|
| २. | **बार्षिक लक्ष्य, प्रगतिको अवस्थाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा चौमासिक प्रगति बिवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्षको लक्ष्य तथा प्रगति विवरणमा तयार गरेको देखिएन । यसबाट तोकिएका कार्यक्रमहरु सञ्चालन नहुने हुँदा तोकिएको लक्ष्यअनुसार प्रगतिको समीक्षा गरी समयमा प्रगति हासिल गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ । | | ध्यानाकर्षण भयो |
| ३. | **कार्यपालिका तथा सभाको निर्णय वदरः**:नगर कार्यपालिकाको मिति २०७६।३।२८को वसेको नगरकार्यपालिकाको बैठकको आधारमा २०७६।३।२९मा वसेको नगर सभाको निर्णयका विरुद्धमा नगर सभाका उपाध्यक्ष समेत १३ जनाले उच्च अदालत विराटनगरमा परेको रिट उपर सुनुवाई गरि उच्च अदालत विराटनगर बाट उक्त दुवै निर्णयलाई अमान्य घोषित गरेको देखियो । नगर कार्यपालिकाको २०७६।३।२८को १७ वटा निर्णय अमान्य भएको भनि उच्च अदालतको मिति२०७६।८।२को निर्णय भएको र नगरपालिकाको सो मितिको तेस्रो वैटकबाट भएको भनिएका निर्णयहरु उत्प्रेषणको आदेशबाट वदर भएकोले सवैनिर्णयहरु अमान्य भएबाट सो निर्णयको आधारमा भएको सवै कामकारवाहीहरु अनियमित देखिएका छन । | | आ.व.०७५/७६ को कुनैपनि निर्णय तथा काम कारवाहीलाई उच्च अदालतबाट अमान्य घोषित नगरेको व्यहोरा अनुरोध । |
| ४. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगाबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• नगरपालिकाको वडा कार्यालय र विषयगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>• मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन । | | ध्यानाकर्षण भयो आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन पहल अगाडी बढाईने व्यहोरा अनुरोध । |

गोविन्द
लेखा अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | • नगरपालिकाले सवारी साधनको अध्यावधिक लग बुक तयार गरी इन्धन खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो गरेको पाइएन ।<br>• नियमित जिन्सी निरीक्षण गरी सबुत सामान, मर्मत हुन सक्ने, मर्मत हुन नसक्ने सामानको विवरण तयार गरी जिन्सी सामानको सुनिश्चितता गरेको पाइएन ।<br>• भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयले भ्रमणबाट फर्केका पदाधिकारीबाट भ्रमण प्रतिवेदन लिने र भ्रमण अभिलेख राखि भ्रमण खटाउने पदाधिकारीहरुको खर्चको विश्वसनिय आधार प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।<br>• चलती सवारी साधन र मेशिनेरी औजार मर्मत गर्दा अनिवार्य रुपमा म.ले.प. फार्म नं. २ तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।<br><br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | | |
| ५. | **लक्ष्य प्रगतिको स्थिति** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । | | आगामी दिनमा सुधार गर्दै लगिने व्यहोरा अनुरोध |
| ६. | **एकीकृत आर्थिक संकेत** : सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अत: गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | | आ.व.२०७६/०७७ बाट एकिकृत आर्थिक संकेत तथा बर्गिकरण बमोजिम लेखा राख्न शुरु गरिएको व्यहोरा अनुरोध छ । |
| ७. | **मध्यकालीन खर्च संरचना** : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br><br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधयन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल | | चालु आ.व.बाट सुधार गरेर सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरिने व्यहोरा अनुरोध । |

लेखा अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | | |
| ८. | **चौमासिक विवरण** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अत: कानुनको परिपालना हुनुपर्दछ । | | माँग बमोजिमको विवरण पठाईएको र आगामी दिनमा यसमा ध्यान दिईने छ । |
| ९. | **आन्तरिक लेखापरीक्षण**: स्थानीय सरकार संचालना ऐन, २०७४को दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफनो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने छ । आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुन अगाबै सम्परीक्षण गर्नु पर्ने व्यबस्था रहेकोछ । कार्यालयले अन्तरिक लेखापरीक्षले उललेख गरेको कैफियत हरु फछ्र्यौट गरेको देखिएन । | | फछ्र्योटको प्रकृया शुरु गरिएको व्यहोरा अनुरोध । |
| १०. | **आन्तरिक नियन्त्रण प्रणाली**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्राणाली तयार गरि कार्यान्वयन गर्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई समेत समेटनु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणलीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाका अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ । | | आगामी दिनमा आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने तर्फ ध्यानाकर्षण भयो |
| ११. | **योजना छनौट** :स्थानीय सरकार संचान ऐन, २०७४को दफा २४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुन<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी ।<br>नगरपालिकाले योजना तर्जुमा तथा वजेट निर्माण गर्दा उपरोक्त आधारमा गर्नु पर्दछ । | | ध्यानाकर्षण भयो |

गोविन्द का...
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १२. | नगरपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ। नगरपालिकाद्धारा .... लाखभन्दा कमका ..... भन्दा बढी योजनाहरु सञ्चालन गरेको छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अत: कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजनामा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यन्वय नमा ध्यान दिनुपर्दछ । | | ध्यानाकर्षण भयो आगामी दिनमा ध्यान दिई बजेट तर्जुमा गरिने व्यहोरा अनुरोध । |
| १३. | **न्यायिक समिति र न्याय सम्पादन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-मेयरको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | | ध्यानाकर्षण भयो |

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी |
|---|---|---|
| ७६ | ३६ | ३९ |

| | | | |
|---|---|---|---|
| | उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । | | |
| १४. | **स्थानीय कानुन निर्माण र कार्यान्वयन** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) अनुसार बनेका ऐन र दफा १०२(२) अनुसार ऐनको अधिनमा रही कार्यपालिकाले बनाएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु दफा १०२ (३) अनुसार स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले हाल सम्म ११ वटा ऐन ५ वटा नियमावली , १४ कार्यविधि र १ आचारसंहिता निर्माण गरी राजपत्रमा प्रकासित गरेको बिबरण उपलव्ध गराएको छ ।<br><br>तसर्थ तोकिएको कानूनी व्यवस्था बमोजिम कानून निर्माण, प्रकाशन र कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | | ध्यानाकर्षण भयो |
| १५. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ५१ जना रहेपनि पदपूर्ति २१ रहेको देखियो । अधिकृत ३ सहित ३० पद रिक्त रहेका छन । नगरपालिकाले दर्वन्दी भित्र र दर्बन्दी बाहेकका समेत १४ पदमा करारमा कर्मचारी राखि कार्य संचालन गरि रहेको छ । निजामति सेवा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपूर्ति हुनु पर्दछ । दरवन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको देखियो । | | |
| | **ब.उ.शि.नं. ८०१४०२४ (वित्तीय समानीकरण पूँजीगततर्फ)** | | |
| १६. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५।७६ अनुसार नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | | ध्यानाकर्षण भयो |

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख | रु. २ देखि ३ लाख सम्मका | रु. ३ देखि ४ लाख सम्मका | रु. ४ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १[illegible] भन्दा |
|---|---|---|---|---|---|---|

गोविन्द का[illegible]
[illegible] अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सम्म | | | | | | | |
| ३४ | २८ | ३७ | २८ | ४३ | ६२ | २२ | | २५४ |

| | | | |
|---|---|---|---|
| | उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु.५० हजार देखि रु.७५ लाख सम्म (फुङलिङ वस पार्कका जम्मा २५४ वटा योजना उपभोक्त समिति मार्फत संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र १२९ वटा योजनाहरु रहेका छन् ।बोलपत्रको माध्यमबाट प्रतिस्पर्दागरी निर्माण कार्य गर्दा लागत अनुमानको तुलनामा २६।५४ प्रतिशत घटीमा निर्माण कार्य भएको देखिन्छ ।उपभोक्ताबाट भएको काममा लागत अनुमानकै हाराहारीमा निर्माण कार्य भएको देखिदा मितव्ययीताको हिसाव बाट समेत उपयुक्त नभएको र साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापन तथा अनुगमनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रवाही नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने हुदा साना योजनामा लगानी गर्नु भन्दा ठूला योजना छनौट गरी सिमित श्रोतको उपयोगमा ध्यान दिनु पर्ने देखिन्छ । | | |
| १७. | **निर्माण कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष कार्यालयले ..... उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराई रु............. भुक्तानी दिएको देखियो । प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | | ध्यानाकर्षण भयो |
| | **नगरपालिका पूँजिगत तर्फ:** | | |
| १८. | **योजना तर्जुमा-** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिमाणमुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक निति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश एक लाख रुपैया भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए वमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको ध्यान जानु पर्दछ । | | ध्यानाकर्षण भयो |
| १९. | **गत विगत वर्षको भुक्तानी:** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम ४०(८) मा तोकिएको खर्च शीर्षकमा चालु वर्षको बजेटले नखाम्ने भई भुक्तानी दिन बाँकी रहेमा भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणीत गराई आगामी आर्थिक वर्षमा भुक्तानी दिनुपर्ने उल्लेख छ । यस आर्थिक वर्षमा नगरपालिकाले गत वर्ष संचालन भएको ४१ योजनाको बांकी भुक्तानी रकम वार्षिक कार्यक्रममा समावेश गरी रु.२,४३,४३,०४०/- भुक्तानी दिएको छ । उक्त भुक्तानी मध्ये बार्षिक कार्यक्रममा समावेश नभएको देहायको योजनाको रु.४४,२८,३०७/-समेत खर्च गरेको देखिएकोले बार्षिक कार्यक्रममा समावेश नगरी खर्च लेखेको रकम अनियम भएको रु. | ४४,२८,३०७/- | उल्लेखित कामको भूक्तानी सडकबोर्डबाट हुने र २०७६ आषाढमा काम संपन्न भै भूक्तानीका लागी सडकबोर्डमा विल पठाईएको सो विलको भूक्तानी असारमा नै हुनुपर्नेमा समयमा निकासा नआएकोले श्रावणमा भूक्तानी हुन गएको हुंदा भूक्तानी बाँकीमा नराखिएको हुंदा यस बेरुजुलाई फछ्र्योट गरिदीनु हुन अनुरोध । |

| सिं | भौ.नं.र मिति | योजना/उपभोक्ता समिति | | रकम |
|---|---|---|---|---|

गोविन्द काफ्ले
लेखा अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| नं. | | | |
| १ | ३-०७५/४'/३१ | भानु मा.वि.दक्षिण सत्संग हुदै लक्ष्मिनारायण मन्दिर जाने वाटो मर्मत उ.स. | ८५७१४८/- |
| २ | ५-०७५/४/३१ | शिवालय धनलक्ष्मि संगम शान्ति मार्ग मर्मत उ.स. | ८०२०३६/- |
| ३ | ९-०७५/४/३१ | दुर्गापुरी देखि मेहेरी टोल हुदै आप्वाडी जोड्ने सडक उ.स. | १७३६३६७/- |
| ४ | १२-०७५/५/५ | विहिवारेदेखि हरैंचा सालिक जाने वाटो उ.स. | १०३२७५६/- |
| | | | ४४,२८,३०७/- |

| | | | |
|---|---|---|---|
| २०. | **उपभोक्ताको काम-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेस्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम, ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ ।<br>यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, नाला निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्धेस्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । | | ध्यानाकर्षण भयो आगामी दिनमा सुधार गर्दै लगिने व्यहोरा अनुरोध |
| २१. | **जग्गा अधिग्रहण:**-जिल्ला मुआब्जा निर्धारण समितिको २०७५।५।८ को निर्णय अनुसार उर्लाबारी नगरपालिकामा निर्माण हुने ल्याण्डफिल्ड साईडको निम्ति छनौट भएको साविक मधुमल्ला ५ट को कित्ता नं.२५७ को १-१०-० बिगहा बाटोले नछोएको जग्गा मालपोत कार्यालय बेलवारीको रजिष्ट्रशन प्रयोजनकोलागि निर्धारण भएको प्रतिकट्ठा रु.५००००/-,स्थलगत समितिको मुल्यांकन रु.प्रतिकट्ठा रु.२०००००/- र उर्लावारी नगरपालिकाको च.नं.८८९० मिति २०७५।३।२२ को मुल्यांकन अनुसार प्रतिकट्ठा रु.३०००००/- देखि रु.४०००००/-सम्म रहेको जनाई औषत प्रतिकट्ठा रु.२०००००/- मूल्यांकन कायम गर्ने सिफारिस भए अनुसार प्रतिकट्ठा रु.२०००००/-को दरले आमा मिलन केन्द्र स्थानिय शाखा उर्लावारीको नाममा रहेको साविक मधुमल्ला ५ट को कित्ता नं.२५७ को १-१०-० बिगहा बाटोले नछोएको जग्गा नगरपालिकाले अधिग्रहण गरी रु.६०,००,,०००/-भुक्तानी गरेको खर्चको परिक्षणवाट देखिएको व्यहोरा देहायनुसार छ:- | | |

गोविन्द का...

वि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २२.१ | अधिग्रहण भएको उक्त जग्गा मावाखोलाको उकास जग्गा भएको र नदी किनारवाट १०० मिटरको सेरोफेरोमा वरीपरीको जग्गा भन्दा गहीरो एवं बाटो समेत नभएको अवस्थामा रहेको छ । | | फिल्डमा र नक्सामा बाटो कायम भै सकेको |
| २२.२ | एकिकृत सम्पती कर नगदी रसिद नं.०००६५७७ मिति २०७४/१०/१९ अनुसार आर्थिक वर्ष २०७४/७५ मा उक्त जग्गाको कायम मूल्य ६,००,०००/- कायमगरी कर निर्धारण गरेको छ । सो अनुसार कर प्रयोजनकोलागि उक्त जग्गाको मूल्यांकन प्रतिकठ्ठा रु.२००००/-हुन्छ । अतः एक आर्थिक वर्षमा नगरपालिकावाट एउटै जग्गाको लागि कर प्रयोजनकोलागी प्रतिकठ्ठा रु. २०,०००/- र जग्गा अधिग्रहणकोलागि प्रतिकठ्ठा रु.३,००,०००/- देखि रु.४,००,०००/-सम्म कायम गरेको देखिन्छ । कर प्रयोजनको निर्धारण भएको मूल्यांकनलाई आधार लिंदा उक्त जग्गाको अधिग्रहणकोलागि औषत मूल्य प्रतिकठ्ठा रु.९०,०००/-हुने देखिएकोले नगरपालिकाको दोहोरो मुल्यांकनको कारण प्रतिकठ्ठा रु.११००००/- दरले बढी भुक्तानी भएको रकम अनियमित खर्च लेखेको रु. | ३३,००,०००/- | आ.व.२०७५/०७६ मा कर निर्धारण प्रयोजनका लागी नगरपालिकाको मूल्यांकन रु.६,००,०००।-नभै रु.२४,००,०००।-भएको । कर प्रयोजनमा कम दर भएता पनि वास्तविक चलनचल्तिको दरभाउमा मुआव्जा निर्धारण समितिको मूल्यांकनका आधारमा खरिद भएकोले बेरुजु फछ्र्योट हुनुपर्ने |
| २२.३ | (भौ.नं.२५४-०७५/१२/१०) नगरपालिकाले एकातिर आमा मिलन केन्द्रको जग्गा खरिदमा रु.६०,००,०००/-भुक्तानी गरी रहेको अवस्थामा पुनः सोही संस्था आमा मिलन केन्द्रको भवन निर्माणकोलागि थप रु.७,८८,१३३/-खर्च गर्नु मनासिव नदेखिएको रु. | ७,८८,१३३/- | नगरपालिका क्षेत्र भित्रको सामाजिक संस्थालाई अनुदान उपलब्ध गराईएकोले बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध |
| २३. | **बिल पेश नभएको**:-(भो.नं.३-०७५/४/३१)आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाच गर्नुपर्ने उल्लेख छ । भानु आधारभुत विद्यालय देखि दक्षिण सत्संग भवन पूर्व लक्ष्मिनारायण मन्दिर सम्म जाने बाटो ग्राभेल तथा मर्मत कार्यको अद्वैत मार्ग उपभोक्ता समितिलाई रु.८५७१४८/-भुक्तानी गरेको छ । उक्त निर्माण कार्यकोलागि भएको निर्माण सामाग्री खरिद, ढुवानी, ज्याला समेत अन्य विल भर्पाइ पेश गर्नु पर्नेमा ज्यामी ज्यालाको रु.४०४६४०/-मात्र विल भर्पाइ राखि खर्च गरेको देखिएकोले अनियमित खर्च लेखेको रु. | ८,५७,१४८/- | कार्यालयको भौतिक अवस्थाका कारण पेश भएका विल भर्पाई सुरक्षित राख्न नसकिएको हो वास्तविक फिल्डमा काम भएको हो र उक्त योजनाको प्राविधिक मूल्यांकन तथा अनुगमन प्रतिवेदन समेतका आधारमा भूक्तानी भएको हुंदा वास्तविक काम भएकोले बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध छ । |
| २४ | **गत विगतको योजनाको खर्च**:-(भौ.नं.४२-०७५/६/२२)खानेपानी मावाखोला ढल निकास उपभोक्ता संग निर्माण कार्यको लागी उपभोक्ता समितिको नगद योगदान रु.२७,७७,७८०/-र नगरपालिकाले रु.२५,००,०००/-बेहार्ने गरी मिति २०७४/२/१८मा सम्झौता भएको कामको गत वर्ष प्रथम विलको रु.१७५८८७५/२७ भुक्तानी भएको र यस वर्ष दोश्रो रनिङ्ग विल पेश भई रु.९०११९२/- भुक्तानी भएको छ । उक्त काम उपभोक्ता समितिले कहिले सम्पन्न गर्ने हो सो पनि निश्चित देखिदैन । उपभोक्ता वाट काम गराउन सम्झौता भएको आर्थिक वर्षमा कार्य सम्पन्न हुने गरी सम्झौता गरीनु पर्दछ । क्रमागत रुपमा गरीने कामको लागि प्रतिस्पर्धा मार्फत काम गराउने व्यवस्था छ । बहुवर्षे सम्झौता गरी उपभोक्ता मार्फत काम गराउनु नियम सम्मत भएको नदेखिएकोले अनियमित खर्च भएको रु. | ९,०१,१९२/ | उपभोक्ता समितिले सोहि आ.व.को अन्तमा काम संपन्न गरी भूक्तानी दिन मात्र बाँकी रहन गएको हुंदा बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध । |
| २५. | **अधुरो काम**:--(भौ.नं.५२७-०७६/३/२६) लागत अनुमान रु.४०८५३३/-भएको वडा नं.८ र ९ को रातेहोली कल्भर्ट निर्माण को काम नगरपालिकाले रु.३५००००/-व्यहोर्ने गरी सम्झौता भएकोमा उपभोक्ताको रु.८०२६३/-को निर्माण कामको विल पेशगरी नगरपालिकाको रु.६२०६९/-र उपभोक्ताको रु.२००००/- खर्च गरेको छ । सम्झौता अनुसारको कल्भर्ट निर्माणको काम नगरी जालीमा ढुंगा भर्ने काम मात्र गरी भुक्तानी भएको देखिएकोले कल्भर्ट कहिले सम्म निर्माण हुने अनिश्चित देखिन्छ । तार जाली खरिदको विल समेत पेश नभएको कामको भुक्तानी अनियमित भएको रु. | ६२,०६९/- | उक्त काम कल्भर्ट निर्माण नभै कटान नियन्त्रण भएको र जाली खरिद समेत गो.भा.नं.५४९ बाट भएकोले वास्तवमा जालिमा ढुंगा भर्ने काम नै गर्नुपर्ने भएकोले बेरुजु फछ्र्योट हुन अनुरोध । |
| २६. | **सिमा नघाई उपभोक्तावाट काम**:-सार्वजनिक खरिद नियमावली,२०६४को नियम | ८०,७६,० | उल्लेखित लागत अनुमान कन्टेन्जेन्सी र |

अधिकृत

वि. प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ
१ नं. प्रदेश

| | | | |
|---|---|---|---|
| | ९७ को उपनियम (१) र (२) अनुसार मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सि रकम, र जन सहभागिताको अंश समेतको रकम समावेश भएको रु. एक करोड रुपैयाँ सम्म लागत अनुमानको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था छ । नगरपालिकावाट यस वर्ष स्कुल डाडा दर्शन चौक सडक कालोपत्रे कामको लागत अनुमान रु.८२२६०००/- तयार गरी उपभोक्ता समितिवाट काम गराइउपभोक्ताको सहभागिता समेत रु.८०,७६,०००/- भुक्तानी गरेको छ । मूल्य अभिवृद्धि कर, ओभरहेड, र कन्टिन्जेन्सी रकम समावेश गर्दा रु.१ करोड भन्दा बढीको लागत अनुमान हुने उक्त काम प्रतिस्पर्धा गराई अनुभवि फर्मबाट बोलपत्रको माध्यमबाट निर्माण व्यबसायी छनौट गरि कार्य गराउनु पर्नेमा उपभोक्ता मार्फत गराएकोले अनियमित भएको रु. | ००/- | लागत सहभागीता सहितको भएको र ओभरहेड जोड्दा समेत १ करोड ननाघ्ने भएकोले बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध । |
| २७. | **योजना छनौट** : आर्थिक कार्यविधी नियमावली २०६४को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता,मितव्ययीता, कार्यदक्षता,प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम सञ्चालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भन्ने कुरामा विश्वस्त हुनु पर्ने उल्लेख छ । यस वर्ष उर्लावारी खानेपानी उपभोक्ता समिति तथा सरसफाई संस्था, उर्लावारी ६ मोरङले खरिद गरेको पाएप तथा फिटिङ्गस्कोलागि जम्मा रु.१०,००,०००/- उपलव्ध गराएको देखियो । सर्वसाधारण नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नु पर्नेमा नाफा कमाउने उदेश्यले स्थापितसंस्थालाई खरिद कार्यको लागि रकम उपलव्ध गराएकोले उक्त योजनाबाट सर्वसाधारण नागरिकलाई भन्दासंस्थालाई लाभ पुगेको देखियो । नगरपालिकाले आयोजना छनौट गर्दा नागरिकलाई प्रत्यक्ष लाभ हुने कार्यमा वजेट खर्च गर्नुपर्नेमा निश्चित व्यक्ति वा संस्थालाई लाभ हुने गरी योजना छनौट गरी बजेट खर्च गरेको मनासिव देखिएन । | | ध्यानाकर्षण भयो आगामी दिनमा सुधार गरिने व्यहोरा अनुरोध । |
| २८. | **मेशिन प्रयोग**:-सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेस्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ ।<br>यस नगरपालिकाले तयार गरेको सार्वजनिक खरिद ऐन २०७५ को दफा ९७ ( )मा उपभोक्ता समितिले लोडर, डोजर, एक्जाभेटर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न सक्ने व्यवस्था छ ।<br>यसरी संघिय ऐनमा मुख्य उद्धेश्य नै रोजगारीको सृजना गर्ने खालको काम उपभोक्ता समिति वा लाभग्राही समुहवाट कार्य गराउन सकिने व्यवस्थाको विपरीत हुनेगरी धेरैलाई प्रत्यक्ष रोजगारी प्राप्त नहुने गरी हेभि मेशिन प्रयोग गर्न सकिने व्यवस्था गरी देहाय अनुसारको हेभि मेशिन प्रयोग गरीने कालोपत्रे गर्ने काम गराएको छ । | | लागत अनुमान नै मेशिन प्रयोग गर्ने गरि गरिएकोले १ पटकका लागी बेरुजु फछ्र्योट गरि दिनु हुन अनुरोध । |
| २९. | **सवारी साधन खरिद** :-यस वर्ष नगरपालिकाबाट समानी करण अनुदान अन्तर्गत वजेट विनियोजनमा रु.६५ लाख सवारी साधनखरिदमा रकम विनियोजन भएकोमा देहाय अनुसारको सवारी साधन खरिद भएको छ । | | |

| सि.नं. | भौ.न | .सवारी साधन | संख्या | रकम |
|---|---|---|---|---|
| १ | १३-०७५/५/११ | ईसुजु पिक अप | १ | ५९९८००० |
| २ | २५- | हिरो मिस्टो स्कुटर | १ | १६७६९९ |

गोविन्द का...
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/६/१४ | | | | |
| | ३ | ४४-०७५/६/२६ | भि.एस.पि.ओ.स्कुटर | १ | २८३१८५ | |
| | | | जम्मा | | ६४,४८,८८४/- | |

| | | | |
|---|---|---|---|
| ३०. | **ढुवानी कर:-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी सेवा शुल्कमा २.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । विभिन्न उपभोक्ता समितिवाट भएका निर्माण सम्वन्धि कार्यको विल साथ पेश भएको विभिन्न संस्थाहरुले ढुवानी सम्वन्धि कार्यको रु.२००००/- भन्दा कमको पान विल पेशगरी रु. खर्च मा १.५ प्रतिशतले मात्र कर कट्टा गरेको छ । कानुन अनुसार विल रकमवाट थप १ प्रतिशत रकम कट्टा गर्न छुट भएको सबै उपभोक्ता समितिले पेश गरेको ढुवानीको विल छानविन गरी अशुल गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने देखिन्छ । विल रकमवाट थप १ प्रतिशत रकम कट्टा गर्न छुट भएको केही उदाहरण देहाय अनुसार छ रु. | १८,२९७/- | उल्लेखित पान विल बाट गीटी,बालुवा र ढुंगा ढुवानी गरेको नभै खरिद गरेको हुंदा १.५ प्रतिशत अग्रीम आयकर कट्टा गरिएको हुंदा बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध । |

| भौ.न | उपभोक्ता समिति | पान विल संख्या | रकम | कट्टा गर्न छुट १ प्रतिशत रकम |
|---|---|---|---|---|
| ९-०७५/४/३१ | दुर्गापुरी आम्बाडी सडक स्तरोन्नती | ४७ | ८०३७०० | ८०३७ |
| १६-०७५/५/१९ | नलवारी सडक ग्राभेल कटहरे | २८ | ५४६००० | ५४६० |
| ६३-०७५/८/१३ | गजमुखी नुडल्स देखि उत्तर ओमशान्ती मार्ग | २४ | ४८०००० | ४८०० |
| | जम्मा | | १८,२९,७००/- | १८,२९७/- |

| | | | |
|---|---|---|---|
| ३१. | **बढी परिमाण:-**(भौ.नं.१०७-०७६/३/२२)तल्लो अमिला डागी पैनी मर्मत उपभोक्ता समितिको काममा ३*१.५*०.७५ साईजको जालीमा १४६.२५ घ.मि. ढुङ्गा भरेको कामको प्रति घ.मि रु.१९९२.५४ ले रु.२९१४०८/-भुक्तानी लिएको छ । तर उपभोक्ता समितिले उक्त साइजको जाली ३१ थान मात्र खरिद गरेको विल पेश गरेकोले उक्त जाली संख्यामा १०४.६२५ घ.मि.मात्र ढुङ्गा भर्न सकिने देखिन्छ । उपभोक्ताले ४१.६२५ घ.मि.बढी काम गरेको देखाई खर्च गरेको रु.८२,९३९/- अशुल गर्नु पर्दछ रु. | ८२,९३९/- | अशुल उपरका लागी कारवाही अगाडी बढाईएको व्यहोरा अनुरोध |
| ३२. | **कार्य सम्पादन जमानत:-**सार्वजनिक खरिद ऐन २०६३को दफा २७(४) मा काम सम्पन्न गर्नुपर्ने अवधिको थप तेह्र महिना अवधि सम्मको म्याद रहेको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयवाट संचालनमा रहेका देहाय अनुसारको योजना ठेक्का मार्फत भएको कामको लागि नियमानुसार राख्नुपर्ने र सम्पन्न गर्नुपर्ने अवधि थप भएपछी सोही अनुसारको रकम र म्याद भन्दा कम अवधि र म्याद रहेको कार्य सम्पादन जमानत राखेको देखियो । कानुनले व्यवस्था गरे अनुसारको रकम र म्याद भएको कार्य सम्पादन जमानत पेश गरी नियमित गर्नु पर्ने देखिन्छ । | | कार्यसंपादन जमानतका लागी पत्राचार गरिएको र प्रविन निर्माण सेवा बाट प्राप्त भै सकेको व्यहोरा अनुरोध । |

| योजना | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने अवधि (म्याद थप समेत) | जमानत राखेको अवधि | जमानत राख्नुपर्ने अवधि | जमानत रकम |
|---|---|---|---|---|---|---|

गोविन्द ..... 
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नगरपालिका भवन तला थप | प्रविन निर्माण सेवा | २७०६१४३२ | २०७७/२/५ | २०७८/१/७ | २०७८/३/४ | १९५०८६५ |
| सिजुवाको सडक कालोपत्रे | ढुण्डि कन्ष्ट्रक्सन | २९०३५२२ | २०७६/७/१५ | २०७७/२/१५ | २०७७/८/१५ | ३६५७९१ |
| बुद्धमार्ग हुदै शिद्धार्थ मार्ग सम्म सडक कालोपत्रे | पि.जि.डि. निर्माण सेवा | १८०९७४६ | २०७६/७/१० | २०७७/२/१५ | २०७७/८/१० | ९०४८८ |
| सुनपकवा सहकारी मार्ग कालोपत्रे | सम्वन्ध कन्ष्ट्रक्सन | ११४५०९५/ ३८ | २०७६/७/१५ | २०७७/२/१५ | २०७७/८/१५ | ३२०८८३ |
| वडा नं.७ चिउरा मिलवाट आमवारी हुदै वडा नं.९ गाइघाट जोड्ने सडक कालोपत्रे | शान्ती निर्माण सेवा | ८९३५४१०/ ९२ | २०७६/७/११ | २०७७/३/३० | २०७७/४/११ | २३४१००४ |
| सिर्जना आ.वि.वाट पश्चिम दुर्गा मार्गसम्म कालोपत्रे | पि.जि.डि. निर्माण सेवा | १३५७२९९/ ८३ | २०७६/७/१० | २०७७/२/१५ | २०७७/८/१० | ६७८६५ |
| | | | | | | ५१,३६,८९६/- |

| | | | |
|---|---|---|---|
| ३३. | **मुल्य अभिवृद्धि कर-** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ अनुसार वस्तुको हकमा ५० लाख र वस्तुतथा सेवा मिश्रीत कारोवारमा र सेवाको हकमा २० लाख भन्दा माथिको कारोवार गर्ने व्यक्तिले आफ्नो कारोवार मू.अ.करमा दर्ता गराउनु पर्ने व्यबस्था रहेको छ । बार्षिक २० लाख भन्दा बढिको कारोवार गर्ने उपभोक्ता समितिहरुबाट यस कार्यालयसंग सम्वन्धित काममा प्रयोग भएको विभिन्न निर्माण सामाग्री ढुवानी गरी भूक्तानी लिदा प्यान विल प्रयोग गरेको छ । उक्त कारोवार गर्ने मध्ये बार्षिक कारोवार २० लाख भन्दा बढिको कारोवार गर्ने संस्था अनिंवार्य मू.अ.करमा दर्ता नभई कारोवार गर्ने गरेको देखिएकोले अनियमित भएको । पान नं. ६०६७२०२२५ भएका ए.टि.कन्स्ट्रक्सन एण्ड सप्लायर्सबाट यस बर्ष विभिन्न उपभोक्ता समिति मार्फत सोझै खरिद गरेको जम्मा रु.६८६०३५०।-को विल रकम भूक्तानी गरेको छ । मू.अ.कर लाग्ने सामान तोकिएको सिमा भन्दा बढि अंकको कारोवार देखिएकोले मू.अ.कर रकम अशुल हुनुपर्ने रु. | ८९१८ ४६. | कार्यालयले सोझै खरिद गरेको नभै विभिन्न उपभोक्ता समिति मार्फत खरिद गरिएको र मु.अ.कर तिर्ने दायित्व सम्वन्धित फर्मको भएको हुंदा यो बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध |
| ३४. | **बढी भुक्तानी**:-(भौ.नं.५१३–०७६.०३.२३)गुम्वा कटहरे बाटो निर्माण उपभोक्ता समिति लाई जम्मा रु१४८६०४६.०० मा २९१३९.०० कन्टेन्जेन्सी कट्टा गरी रु १४५६९०७.०० भुक्तानी भएकोमा रु १४५०३७१.०० को मात्र विल भर्पाई संलग्न भएकोले बढी भुक्तानी भएको रकम रु ६५३६.०० अशुल हुनु पर्ने | ६५३६।०० | कार्यालयको भौतिक व्यवस्थापनका कारण खर्चका विल भर्पाइ सुरक्षित राख्न नसकिएको हो उक्त योजना संपन्न भै अनुगमन प्रतिवेदन प्राप्त हुनुका साथै प्राविधिक मूल्यांकन समेतका आधारमा भूक्तानी भएकोले उक्त बेरुजु फछ्र्योट गरि दिनु हुन अनुरोध । |
| ३५. | **पेश्कि**:-आर्थिक कार्यविधि नियमावली २०६४को परिच्छेद ९ अनुसार निम्न कर्मचारी तथा संस्थाले लिएको पेशकी आर्थिक बर्षको अन्त सम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्योट हुनु पर्ने रु. | ४००९३२ ४।- | नियमानुसार विल पेश हुदा फछ्र्योट गरिने व्यहोरा अनुरोध |

लेखा अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | विवरण | पेश्की लिनेको नाम | रकम |
|---|---|---|---|
| १ | कर्मचारी | राम प्रसाद गडतौला | १७०००० |
| २ | निर्माण व्यवसायी | प्रविन निर्माण सेवा दमक | ३०८२३२४ |
| ३ | उपभोक्ता समिति | खेल मैदान निर्माण उपभोक्ता समिति | ६०००० |
| ४ | उपभोक्ता समिति | जेष्ठ नागरिक मिलन चौतारी | ४५००० |
| ५ | उपभोक्ता समिति | तेलिखोला पुल निर्माण उपभोक्ता समिति | ५००० |
| ६ | उपभोक्ता समिति | धिमाल जातिय परियोजना बाटो निर्माण उपभोक्ता समिति | १६६००० |
| ७ | उपभोक्ता समिति | सोल्टी खोला तटवन्ध निर्माण उपभोक्ता समिति | ६६००० |
| ८ | उपभोक्ता समिति | हुलाकी मार्ग कालोपत्रे सडक निर्माण उपभोक्ता समिति | ४१५००० |
| | | जम्मा | ४००९३२४/- |

**राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम**

३६. **सिमा नघाई उपभोक्तावाट काम**:सार्वजनिक खरिद नियमावली,२०६४को नियम ९७ को उपनियम (१) र (२) अनुसार मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सि रकम, र जन सहभागिताको अंश समेतको रकम सहमावेश भएको रु.१ करोड रुपैयाँ सम्म लागत अनुमानको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था छ । कार्यालयवाट यस वर्ष मावा नदि नियन्त्रण र वकाहा नदी नियन्त्रण कार्यको निर्माणको काममा नियमानुसारको लागत अनुमान नगरि उपभोक्ता समितिबाट सिमा भन्दा बढी हुने गरि लागत अनुमान तयार गरी व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन पर्ने काम घटीको लागत अनुमान देखाई उपभोक्ता समितिवाट कार्य गरेको नियम सम्मत नदेखिएको रु.

| सि. नं | कामको नाम | ओभरहेड, मूल्य अभिबृद्धि कर,कन्टेनजेन्सी समावेस नगएको लागत अनुमान रकम | ओभरहेड, मूल कर,कन्टेनजेन्सी लागत अनुमान र |
|---|---|---|---|
| १ | मावा नदी नियन्त्रण | १००००००० | १३३००००० |
| २ | वकाहा नदी नियन्त्रण | ८३३३३४० | ११०८३३४० |
| | जम्मा | १८३३३३४० | २४३८३३४० |

रकम: २४३८३३४०

प्रतिक्रिया: कार्यालयमा अत्यधिक कामको चाप रहेको सो बमोजिम जनशक्ति पदपुर्ति हुन नसकी अत्यधिक कामको चापका कारण जानाजान नभै भुलवश उक्त गल्ति हुन गएको हुंदाउल्लेखित लागत अनुमान कन्टेन्जेन्सी र लागत सहभागीता सहितको भएको आधारमा आगामी दिनमा यस्तो गल्ती नहुने प्रतिवद्धता व्यक्त गर्दै एक पटकलाई बेरुजु फछ्र्योटका लागी अनुरोध

३७. **अनुपातिक खर्च नभएको**: नगर पालिका र उपभोक्ता समिति विच भएको सम्झौता अनुसार नगर पालिकाले ९० प्रतिशत र उपभोक्ताले १० प्रतिशत रकम व्यहोर्ने गरि सम्झौता भएकोमा निम्न उपभोक्ताको निम्नानुसार भूक्तानी भएकोमा खर्चका खनुपालमा उपभोक्ताको खर्चको अनुपात घटी भएबाट नगर पालिकाको रकम बढी खर्च भएको देखिएकोले बढी खर्च भएको रकम जिम्मेवार पक्ष्बाट असुल हुनु पर्ने रु.

| सि. नं | कामको नाम | कुल खर्च | कार्यालयले व्यहोर्ने अनुपात ९० प्रतिशत | कार्यालयले खर्च गरेको |
|---|---|---|---|---|
| १ | मावा नदी नियन्त्रण उ.स. | ९६४२६५९ | ८६७८३९३ | ८७४१२१७ |
| २ | वकाहा नदी नियन्त्रण उ.स | ८०१०७११ | ७२०९६४० | ७३३१२५६ |

रकम: ३११९६६।-

प्रतिक्रिया: नियतवश नभई भुलवश उपभोक्ता समितिलाई बढि भूक्तानी हुन गएको रकम अशुल उपरका लागी उपभोक्ता समितिलाई पत्राचार गरिएको ।

गोविन्द कि...
लेखा अधि...

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३ | बकाहा तथा मिक्लुङ्ग खोला कटान नियन्त्रण उ.स. | ६४८६०८५ | ५८३७४७७ | ५९६५००३ | १२७५२६ |
| | | **जम्मा** | २४१३९४५५ | २१७२५५१० | २२०३७४७६ | ३११९६६ |

| | | | |
|---|---|---|---|
| ३८. | **बढी भूक्तानी:** बकाहा तथा मिक्लुङ्ग खोला कटान नियन्त्रण उ.स.लाई निम्नानुसार को भौ नं तथा मितिबाट कामको रकम भूक्तानी गर्दा तपसिल बमोजिम बढी रकम भूक्तानी भएकोले जिम्मेवार व्यक्तीबाट रकम असुल हुनु पर्ने रु. | १४५५८९।- | गो.भा.नं.६ बाट कन्टेन्जेन्सी भूक्तानी नभएको गो.भा.नं. ८ बाट मात्र भूलवश रु.४५५८९।- कन्टेन्जेन्सी समेत भूक्तानी हुन गएकोले सो ४५५८९।- मात्र बेरुजु कायम गरिदिनु हुन अनुरोध । साथै अशुल उपरका लागी उपभोक्ता समितिलाई पत्राचार गरिएको व्यहोरा अनुरोध । |

| भौ. नं मिति | भूक्तानी भएको रकम | कन्टेन्जेन्सी भुक्तानी रकम | असु |
|---|---|---|---|
| ६, २०७६।२।२० | ४७०७२७५ | १०००० | १० |
| ८,२०७६।३।६ | १२५७७२८ | ४५५८९ | ४५ |
| **जम्मा** | **५९६५००३** | **१४५५८९** | **१४** |

| | | | |
|---|---|---|---|
| ३९. | भौ नं १३ मिति२०७६।३।२५बाट चुरे तथा भावर क्षेत्रमा पोखरि निर्माण गर्न उर्लावारी १ चिसापानी चोक वाधझोडामा उपभोक्ता समिति गठन गरि पोखरि निर्माणको लागि सम्झौता भएको देखियो । सम्झौता अनुसार ६८५८ क्युबिक मिटर माटो प्रति क्यु.फिट रु.११३ ले मेशिन बाट खन्ने गरि रु.७,७४,९९०।२६ लागत अनुमान भएको देखियो । विलभरपाई उपभोक्ता समितिले मानिसबाट खनेको देखाई ज्यामि ज्यालाको विल भरपाई पेश गरेकोले मेशिनबाट खन्नेगरि भएको लागत अनुमान बमोजिमको मुल्य अभिबृद्धि कर भूक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम असुल हुनु पर्ने रु. | | अशुल उपरका लागी उपभोक्ता समितिलाई पत्राचार गरिएको |
| ३९.१ | कार्य स्विकार प्रतिवेदन:सार्बजनिक खरिद नियमावली, २०६४को नियम ११७ अनुसार सार्बजनिक निकायले समपन्न भएको निर्माण कार्य आपूर्ति भएको माल सामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने र सो प्रतिवेदनका आधारमा भूक्तानी हुनु पर्नेमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिएन । | | आगामी दिनमा कार्य स्विकार प्रतिवेदन पश्चात मात्र भूक्तानी गरिने व्यहोरा अनुरोध |
| | **वजेट उपशिर्षक नं ३२५११३संस्कृति प्रवर्द्धन कार्यकम** | | |
| ४०. | संस्कृति प्रवर्द्धन कार्यकम अन्तर्गत संस्कति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिहदरवारको मिति २०७६।२।१३को पत्रानुसार उर्लाबारी नगरपालिकाको नाममा वजेट तथा कार्यकम कार्यान्वयन सम्वन्धमा उल्लेख गरेको पत्रानुसार अन्य संस्था तथा व्यक्तीलाई पूँजिगत अनुदान दिने गरि रु.५ करोडको अख्तियारी नगरपालिका लाई दिएको देखियो । उर्लावारी नगरपालिकाको २०७६।२।२९को भूक्तानि आदेश अनुसार २ करोड ५० लाख मदन भण्डारी मेमेरियल एकेडेमिलाई कामको लागि पेश्की उपलब्ध गराएको थियो । २०७६।३।२३को गोश्वारा भौचर अनुसार २५ दिन अवधिमा उक्त रकम पेश्की फछ्यौट गरी रु. ५ करोड खर्च गरेको विल भपाई पेश भई निम्नानुसारको कार्य भएको खर्चको फाँटवारी पेश भएको देखियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छन । | | मन्त्रालयबाट ढिला गरि अनुदान रकम प्राप्त भएको हुंदा सोहि बमोजिम मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल - ईन्जिनियरीङ्गमा विभिन्न विधामा टि.एस.एल.सि.देखि मास्टर तह सम्म पढाउने संस्था ) लाई रकम निकासा गरिएको हो । बोलपत्रको माध्यमबाट खरिद प्रकृया अगाडी बढाउन कम्तिमा पनि ४५ दिन लाग्ने हुंदा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन )को नियम ९७ को व्यबस्था बमोजिम १ करोड रुपैया सम्म लागत अनुमान भएको छुट्टा छुट्टै प्रकृतिको काम गर्नका लागी छ वटा उपभोक्ता समिति बनाई खरिद प्रकृया अगाडी बढाई कार्य संपन्न गरिएको हुंदा बेरुजु फछ्र्योटका लागी अनुरोध |
| ४०.१ | **बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने:**सार्बजनिक दरिद नियमावली २०६४को नियम ३१ अनुसार सार्बजनिक निकायले ५ लाख माथिको निर्माण काम सिलवन्दी दरभाउपत्रबाट र रु. २० लाख भन्दा बढीको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुन सुकै सेवा खरिद गर्नु पर्दा खुल्ला वोलपत्रको | | |

लेखा अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । निर्माण कार्यको सवै काम प्रतिस्पर्दा सिमित हुने गरी उपभोक्ताबाट गराएको नियम सम्मत देखिएन । | | |
| ४०.२ | **उपभोक्ता समिति**-सार्बजनिक खरिद ऐन, २०६३को दफा ४४ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धि सेवा प्राप्त गर्दा मितव्ययिता, गुण स्तरियता वा दिगोपना अभिबृद्धि हुने भएमा वा परियोजननाको मुख्य उद्धेश्यनै रोजगरीको सृर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएको कार्यबिधि पुरागरी त्यस्ता कार्य गराउन वा सेवा लिन सकिने व्यबस्था रहेको छ ।प्रतिष्ठानले भवन निर्माण, स्लाईडिङ पूल निर्माण, बाटो कालोपत्रे गर्ने काम तथा फर्निचर खरिद जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य फर्निचर तथा कम्प्युटर सामानहरु खरिद जस्ता काम प्रतिस्पर्दात्मक विधिबाट व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन पर्नेमा उपभोक्ता समितिका नाममा रु.५०००००००/- अनियमित खरिद गरी खर्च गरेको देखियो । | | मन्त्रालयबाट ढिला गरि अनुदान रकम प्राप्त भएको हुंदा सोहि बमोजिम मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल - ईन्जिनियरीङ्गमा विभिन्न विधामा टि.एस.एल.सि.देखि मास्टर तह सम्म पढाउने संस्था ) लाई रकम निकासा गरिएको हो । बोलपत्रको माध्यमबाट खरिद प्रकृया अगाडी बढाउन कम्तिमा पनि ४५ दिन लाग्ने हुंदा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन )को नियम ९७ को व्यबस्था बमोजिम १ करोड रुपैया सम्म लागत अनुमान भएको छुट्टा छुट्टै प्रकृतिको काम गर्नका लागी छ वटा उपभोक्ता समिति बनाई खरिद प्रकृया अगाडी बढाई कार्य संपन्न गरिएको हुंदा बेरुजु फछ्र्योटका लागी अनुरोध |
| ४१. | **लागत अनुमान**:सार्बजनिक खरिद नियमावली, २०६४को नियम १० अनुसार सार्वजनिक निकायले नेपाल सरकारबाट स्वीकृत नमर्स् अनुसार निर्माण कार्यको लागत अनुमान गर्नु पर्ने र लागत अनुमान तयार गर्दा निर्माण सामग्रिको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दर रेटको आधारमा गर्नु पर्ने व्यबस्था छ ।यसरी तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिक समूहलाई ड्रईङ्ग डिजाईन समेत जाच्न लगाई कुनै त्रुटी भएमा सच्याउन लगाउनु पर्ने व्यबस्था रहेको छ । तर निर्माण कार्यको लागत अनुमान कुन आधारमा तयार गरेको हो खुल्दैन निर्माण कार्यको ड्रईङ्ग डिजाईन तयार गरेको पनि देखिएन । | | ध्यानाकर्षण भयो ।आगामी दिनमा यसमा सुधारका लागी सम्वन्धित पक्षलाई जिम्मेवार बनाईने छ । |
| | **स्वास्थ्यतर्फ** | | |
| ४२ | **कार्यक्रम खाता नराखेको**:- कार्यालयले स्वीकृत ढाँचामा कार्यक्रम खाता राखेको छैन । कार्यक्रम वमोजिम वजेट तथा खर्च स्पष्ट देखिने गरी कार्यक्रम खाता दुरुस्त पारी राख्नुपर्दछ । | | आगामी दिनमा राखिने व्यहोरा अनुरोध |
| ४३ | **न्यानो झोला**:-नेपालमा नवजात शिशुको मृत्युको प्रमुख कारण मध्ये संक्रमण र सिताङ्ग भएकोले सो रोकथामका लागि आ.व. ०७०।७१ देखि स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्वास्थ्य संस्थाले परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेशन अनुसारको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/ वितरकवाट नेपाल सरकारको ऐन नियम अनुसार खरिद गरी सुत्केरी भए पश्चात नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ । कार्यालयले यस कार्यक्रममा रु.१ लाख खर्च गरेको छ ।कार्यालयले यो वर्ष खरिद गरेको सवै न्यानो झोलाखर्च देखाएको भएतापनी न्यानो झोला वितरणको भपाई पेश भएको छैन। निर्देशिकाले गरेको व्यवस्था बमोजिम स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई सरल रुपमा न्यानो झोला प्राप्त गर्ने व्यवस्था मिलाउने गरि रकम निकासा र खर्चको प्रक्रिया कार्यालयले मिलाउनु पर्दछ । | | ध्यानाकर्षण भयो आगामी दिनमा सुझाव कार्यान्वयन गरिने व्यहोरा अनुरोध |

गोविन्द कोइराला
लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ४४ | **बिजक पेश नभएको : (१००६/२०७६।३।३१)** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६मा सरकारी रकम खर्च सम्वन्धि कार्यविधि उल्लेख गरिएको छ । नगरपालिकाले सोनी होटलको नाममा रु.१६२५२। भूक्तानी गरेकोमा होटलको विल विजक पेश नभएकोले उक्त रकम असुल उपर हुनुपर्ने रु. | १६२५२। ०० | यो भा.न.१००६बाट सोनी होटललाइ भूक्तानी भएको नभै का.सहायक युवराज कोईरालाको पेश्कि फछ्र्योट गरिएको र सोनी होटलका नाममा यस कार्यालयबाट कुनै भूक्तानी नभएको हुंदा यो बेरुजु फछ्र्योट गरिदिनु हुन अनुरोध छ । |
| ४५ | **विल भपाई:– ७१-०७५।१०।१५** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । सुरक्षित गर्भपतन सेवा उपलव्ध गराए वापत राजघाट स्वास्थ्य चौकिका स्वास्थ्यकर्मिको रु १६१८०।-को विल भपाई पेश भएकोमा खर्च रु २३०००।- लेखेकोले बढी खर्च जनाएको रकम रु ७०२०।- असुल उपर गनुपर्ने रु .... | ७०२०. ०० | जम्मा २९ जनाको सुरक्षित गर्भपतन गरि नर्म्स अनुसार प्रति केश रु.८०० ले रकम भूक्तानी भएकोले बेरुजु फछ्र्योट का लागी अनुरोध |
| ४६ | **पारिश्रमिक कर:– ७१-०७५।१०।१५**आयकर ऐन २०५८अनुसार भत्ता भुक्तानीमा १५ प्रतिशतका दरले परिश्रमिक कर कट्टा गनुपर्नेमा कार्यालयले सुरक्षित गर्भपतन सेवा उपलव्ध गराए वापत राजघाट स्वास्थ्य चौकिका स्वास्थ्यकर्मिलाई भुक्तानी दिएको रु १६१८०।- मा पारिश्रमिक कर कट्टी नगरेको रु २४२७।- असुल गर्नुपर्ने रु............ | २४२७. ०० | अशुल उपरका लागी कारवाही अगाडी बढाईएको व्यहोरा अनुरोध |
| ४७ | **बिजक पेश नभएको : (१००६/२०७६।३।३१)** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६मा सरकारी रकम खर्च सम्वन्धि कार्यविधि उल्लेख गरिएको छ । नगरपालिकाले सोनी होटलको नाममा रु.१६२५२। भूक्तानी गरेकोमा होटलको विल विजक पेश नभएकोले उक्त रकम असुल उपर हुनुपर्ने रु. | १६२५२। ०० | दफा ४४ कै बेरुजु दोहोरिएको हुंदा फछ्र्योट हुनु पर्ने |
| ४८ | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६मा सरकारी रकम खर्च सम्वन्धि कार्यविधि उल्लेख गरिएको छ । नगरपालिकाले फोटोकपी विलको आधारमा अस्पताललाई औषधिजन्य सामानको रु. भूक्तानी भएको देखियो । फोटोकपी विलको आधारमा भुक्तानी गर्न नमिल्ने हुंदा सक्कल बिल भर्पाइ पेश गर्नुपर्ने अन्यथा अशुल गर्नुपर्ने रु. | ५९९४६ २।० | नगरपालीकाले औषधी तथा औषधीजन्य सामान खरिद गरी दाखिला गरि अस्पताल मा हस्तान्तरण समेत भएको हुंदा वास्तव मा काम भएको र सक्कल विल संलग्न राखि पठाईएको आधारमा उल्लेखित बेरुजु फछ्र्योट गरि दिनु हुन अनुरोध छ । |
| | **शिक्षातर्फ** | | |
| ४९ | **विद्यालयगत निकासा किताव:–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले विद्यालयलाई निकासा दिएको रकमको विद्यालयगत निकासा किताव तयार गरी राखेको देखिएन । | | ध्यानाकर्षण भयो |
| ५० | **नमुना विद्यालय-** कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार जिल्लागत निर्वाचन क्षेत्रगत नमुना विद्यालय विकासका लागि निम्नानुसार का दुई विद्यालयलाई रु १ करोड ५० लाख का दरले जम्मा रु ३ करोड निकासा गरेको छ । नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौत्तिक निर्माण अनुदान प्राप्त रकम विद्यालयले **विाद्यालय भवन निमार्ण, ICT LAB,विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन तथा थप शिक्षक व्यवस्थापनका** लागि रकम उपयोग गर्न सक्ने भनी उल्लेख छ । विद्यालयले भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिक खरिद गर्नपर्ने उल्लेख छ । लेखापरीक्षणको अवधि सम्म विद्यालयको निर्माण कार्यको अनुगमन प्रतिवेदन पेश नभएकोले विद्यालयले खरिद भएका प्रयोगशाला सामाग्री, पुस्तकालय व्यवस्थपनमा भएको खर्च का विल भपाई र निर्माण भएका भवन तथा कक्षा कोठा संख्या को नापि किताव, स्वीकृत गुरुयोजना र कार्य सम्पन्न | ३००० ००००. ०० | विधालयले गरेको नमुना विधालय सुधारको अनुगमन प्रतिवेदन खरिद भएको सामान दाखिलाको प्रमाण खर्चका विल भर्पाइ तथा नापी किताव र कार्य संपन्न प्रतिवेदन प्राप्त भएकोले बेरुजु फछ्र्योट हुन पर्ने । |

लेखा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | प्रतिवेदन पेश गर्नुपर्ने रु................................ | | |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | राधिका मा.वि. ६ | १५००००००.०० |
| २ | अरनिको मा.वि. | १५००००००.०० |
| | जम्मा | ३००००००००.०० |

| | | | |
|---|---|---|---|
| ५१. | **कार्य सम्पन्न प्रतिवेदन-(१४/०७६-१-२७)**सार्वजनिक खरिद ऐन २०६४अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यकमवाट गतवर्षको शिक्षा वाट सरी आएको क्रमागत चार कोठे भवन निर्माणमा राधिका मा.वि. ७लाई रु १८,००,०००।- खर्च लेखेकोमा उक्त निर्माण कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गर्नेगरी कार्यालयले उक्त कार्यको अनुगमन गर्नु पर्दछ । उक्त निर्माण कार्यको निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | १८०००००.०० | सम्वन्धित विद्यालयलाई निर्माण कार्यको कार्य संपन्न पेश गर्न पत्राचार गरिएको |
| ५२. | **वढी भुक्तानी:- (१६/०७६-६-१७)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । राधिका मावि मा नियुक्त शिक्षक श्री लक्ष्मी देवकोटा लाई विद्यालयले २०७५।४।१६ मा नियुक्ति दिएको छ । नगरपालिकाले निजको तलव भत्ता भुक्तानी श्रावण महिनामा १७दिन, भाद्र, आश्विन महिनाको तलव र दशै खर्च सहित रु ११६८३३।-भुक्तानी गर्नुपर्नेमा रु १४१०००।- भुक्तानी गरेकोले वढी भुक्तानी रकम रु २४६६७ असुल गर्नु पर्ने रु ........................................................ | २४६६७.०० | अशुल उपरका लागी पत्राचार गरिएको |
| ५३. | **वढी भुक्तानी:- (१६/०७६-६-१७)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । राधिका मावि मा नियुक्त शिक्षक श्री मित्र खत्रि लाई विद्यालयले २०७५।५।२६ मा नियुक्ति दिएको छ । नगरपलिकाले निजको तलव भत्ता भुक्तानी भाद्र महिनाको ४ दिन, आश्विन तलव र दशै खर्च सहित रु ७८१२१ ।-भुक्तानी गर्नुपर्नेमा श्रावण महिना देखिकै तलव भत्ता रु १५५०८०।- भुक्तानी गरेकोले वढी भुक्तानी रकम रु ७६९५९। असुल गर्नपर्ने रु ............................... | ७६९५९.०० | अशुल उपरका लागी पत्राचार गरिएको |
